# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी,कैलाली,सुदूरपश्चिम. प्रदेश,नेपाल

आ.ले.प.०७५।०७६
च.नं.

विषय :- कवाडी कर र बिज्ञापन कर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्वन्धि सूचना ।

प्रथम पटक प्रकाशित मिति:२०७५।१२।१३

यस धनगढी उपमहानगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानुन बमोजिम निषेधित मालसमान वाहेक यस्तै प्रकृतिको बस्तुको व्यवसायिक उपयोग गरे बापतका स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६१ बमोजिम कवाडी कर र सोही ऐनको दफा ६४(ग) अनुसार बिज्ञापन कर संकलन गर्न आगामी तीन आ.व. का लागि यस उप-महानगरपालिका बाट तोकिएको दररेट बमोजिम कर संकलन गर्न चाहने ईच्छुक फर्म वा संघ संस्थाको जानकारीको लागि यो ३० दिने सिलबन्दि आहवानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलका शर्तहरू

१। कवाडी करका लागि न्यूनतम ठेक्का अंक रू ३०,००,०००।( तीस लाख मात्र) कायम गरिएको छ ।

२। बिज्ञापन करका लागि न्यूनतम ठेक्का अंक रू २४,००,०००।( चौबीस लाख मात्र) कायम गरिएको छ ।

३। दुबै ठेक्का प्रथम पटक ०७६।०७७ का लागि ठेक्काको सम्झौता गरिने छ । कार्यसम्पादन सन्तोषजनक देखिएमा दोश्रो र तेश्रो आ.ब.मा स्वीकृत ठेक्का रकममा प्रति आ.व. २० प्रतिशतका दरले वृद्धि गरी ठेक्का सम्झौता नबिकरण गरिनेछ ।

४। तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न पाईने छैन,तोकिएको सिमाभन्दा वाहिर गई कर असूली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस यस कार्यालयले जुनसुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

५। वोलपत्र मिति २०७६।१।१२ गते कार्यालय समयभित्र राजश्व शाखाबाट प्रति बोलपत्र रू ३०००। का दरले फिर्ता नहुने गरी खरीद गर्न सकिने छ ।

६। वोलपत्र मिति २०७६।१।१३ गते दिनको १२ वजेभित्र पेश गरिसक्नु पर्नेछ । बोलपत्र मिति २०७६।१।१३ गते दिनको २:०० वजे खोलिने हुंदा सो समयमा वोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन ।

७। वोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्वन्धि काम हुने छ ।

८। आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हि.न.४१७०३०३००७१०२ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्ने छ ।

९। वोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकवाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

१०। ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको रकम चार चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ ।

११। वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१२। यस कार्यालयबाट प्रमाणित नगरि विक्री भएको,म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन ।

१३। कुनैपनि अवस्थामा कर छुटको लागि हक दावि गर्न पाईने छैन ।

१४। संकलन गर्ने करको दर रेट टेण्डर फारामबाट हेर्न सकिनेछ ।

१५। बोलपत्रदाताले खामको वाहिरपट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ।

१६। उक्त सूचना धनगढी उ.म.न.पा.को सूचना पाटी र वेभसाईट www.dhangadhimun.gov.np मा राखिएको छ

१७। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner